## आठराई त्रिवेणी गाउँपालिकाको आठौं गाउँसभामा निर्णयार्थ प्रस्ताव र निर्णयहरु

**सभाबाट पारित मिति:२०७७।०३।०९**

**प्रस्ताव १: आठराई त्रिवेणी गाउँपालिकाको आ.व. २०७७।७८ को नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धी प्रस्तावः**

**प्रस्ताव सम्बन्धी व्यहोराः**

नेपालको संबिधानमा स्थानीय तहको अधिकार सूचि भित्र रहेका बिषयहरमा आफैले आप्नो स्थानीय तहको नीति योजना, बजेट तथा कार्यक्रमको तर्जुमा तथा स्वीकृत गर्ने व्यवस्था भएको । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत स्थानीयले आफ्नो प्रत्येक आ.व. को नीति योजना बजेट निर्माण गरी आफ्नो सभाबाट पारित गर्नु पर्ने व्यवस्था भएकोले सो सम्बन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएको ।

निर्णय नं.१

निर्णयको व्यहोराः

यस आठराई त्रिवेणी गाउँपालिकाको तपशीलमा उल्लेखित आ.व.२०७७।७८ को नीति तथा कार्यक्रम सभाबाट पारित गर्ने।

## नीति तथा कार्यक्रमहरू

**गाउँसभाका सदस्यज्यूहरु,**

नेपालको संविधान २०७२ बमोजिम गठन भएको स्थानीय तहको मिति २०७४ आषाढ १४ गते सम्पन्न निर्वाचनवाट निर्वाचित भई यस गाउँपालिकाको ऐतिहासिक आठौं गउँसभा मार्फत आर्थिक वर्ष २०७७।७८ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा म आफुलाई भाग्यमानी ठान्दछु ।

यति वेला कोरोना भइरस संक्रमणले विश्व मानव समुदाय आक्रान्त छ र हाम्रो देश नेपालमा समेत यो महामारीको संक्रमण तिब्र गतिमा फैलिंदै गईरहेको छ । खास गरी छिमेकी देश भारतसँगको खुला सीमानाको कारण हामीलागि यो प्राणघातक संक्रामक महामारी विरुद्ध लड्न थप चुनौतीपूर्ण वन्दै गएको छ। आजका मितिसम्म देशका ७४ जिल्लामा यो भाइरसको संक्रमण फैलिसकेको छ र तिब्र गतिमा यो अझ फैलिदै जाने आशंका देखिएकोछ । भारतीय सीमामा समेत जोडिएको हाम्रो जिल्ला ताप्लेजुङ्ग अझ बढी जोखिममा रहेको कुरा सर्वविदितै छ । नेपाल सरकार, प्रदेश सरकार तथा हामी जस्ता स्थानीय सरकारहरुले यथासम्भव समन्वयात्मक रुपमा कोराना भइरस नियन्त्रण तथा रोकथामको लागि कार्य गर्दै आइरहेको भएतापनि अपेक्षित सफलता हासिल हुन सकेको छैन । बरु यो महामारी बढ्दै गईरहेको छ र यसबाट चालु आर्थिक बर्ष तथा आगामी आर्थिक बर्ष समेत ज्यादै चुनौतिपूर्ण हुने निश्चित प्राय देखिन्छ । यसै कारणले यस आर्थिक बर्षको चैत्र महिनादेखि नै नेपाल सरकारले आवागमन निषेध तथा अत्यावश्यक सेवा वाहेका सेवा प्रवाह गर्ने कार्य वन्द गरेको अवस्था छ । यद्यपि हाम्रो गाउँपालिकाले नियमित सेवाहरु समेत आंशिक रुपमा दिंदै आईरहेको छ । संक्रमणको जोखिमका बाबजुद यस गाउँपालिकाका कर्मचारी तथा हामी जनप्रतिनिधिहरु नियमित रुपमा सेवा प्रवाहमा खटि नै रहनुपरेको अवस्था छ ।

आठराई त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ... ताप्लेजुङ ... प्रदेश, नेपाल

विश्वनाथ सिटौला
अध्यक्ष

देशमा युगान्तकारी राजनीतिक परिवर्तन भएको र सबै प्रकारका द्वन्दहरुको उदाहरणीय रुपमा व्यवस्थापन गर्दै लामो राजनितिक अस्थिरता, संक्रमणकाल र अन्यौलको गोलचक्रबाट मुलुकलाई जनताकै त्याग, तपस्या र बलिदानका साथै निर्णायक फैसलाबाट महान उपलब्धिहरुका साथ देश यो उचाइमा आइपुग्न सफल भएको यस ऐतिहासिक महत्वपुर्ण क्षण र अवसरमा सर्वप्रथम ज्ञात अज्ञात अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै वेपत्ता परेका तथा परिएका सबैलाई स्मरण गर्न चाहन्छु । यस गाउँपालिकाका सबै अग्रज राजनीतिक तथा सामाजिक व्यक्तित्वहरु प्रति हार्दिक श्रद्धाभाव प्रकट गर्न चाहन्छु।

जनताको त्याग, तपस्या, बलिदान र आन्दोलनका साथै यस भूभागप्रति माया गर्नुहुने सबै राजनीतिक दल र सरकार तथा शुभेच्छुक अन्य सबैबाट यस गाउँपालिकालाई हालको संरचनामा रुपान्तरण गर्न खेल्नु भएको भूमिकाको उच्च मुल्यांकन गर्दै यो ऐतिहासिक सफलताका निमित्त सबैप्रति आभार व्यक्त गर्दछु। नेपाली जनताले लामो समयसम्म परिवर्तनका निम्ति गरेका संघर्षबाट देश संघीयतामा गएको छ । नेपालको संविधानमा तीन तहको सरकार रहने व्यवस्था भए बमोजिम गठित स्थानीय तह र यसलाई दिईएको अधिकार बमोजिम, स्थानीय तहलाई हुर्काउने, बढाउने तथा प्राप्त अधिकारहरूको सही सदुपयोग गर्ने जिम्मा जनप्रतिनिधिहरुको हातमा छ । अहिले हामी स्थानीय तहको नयाँ संरचना अन्तर्गत नयाँ प्रयोगको अवस्थामा छौ, एउटा अभ्यासमा छौं । यस्तो गहन जिम्मेवारीलाई जटिल परिस्थितिको बाबजूद पनि सफल बनाएर जानुछ । स्थानीय तहलाई सफल, स्थिर र दीगो बनाई जनतालाई अधिकतम सेवा सुविधा र विकास दिनु छ । यी सम्पूर्ण कार्यको लागि हामीले हाम्रो आफ्नै आन्तरिक आम्दानीका स्रोतहरुको दायरालाई फराकिलो बनाउँदै समृद्ध र आत्मनिर्भर आठराई त्रिवेणी गाउँपालिका बनाउन हामी कोशिस गरीरहेका छौ यस कार्यमा तपाईहरुको निरन्तर साथ सहयोग र प्रतिबद्धता आवश्यक छ ।

आठराई त्रिवेणी गाउँपालिकाको आ.व. २०७७/७८ को बजेट नीति प्रस्तुत गरिरहँदा विश्वमा महामारीको रूपमा फैलिइरहेको कोरना भाईरस (COVID-19) का कारण आ.व. २०७६/७७ मा यस गाउँपालिकाको पूँजिगत खर्च कम भई विकास निर्माणको कार्यमा अपेक्षित लक्ष्य हाँसिल गर्न नसकेको सर्वविधितै छ । उक्त बाध्यात्मक परिस्थितिको बाबजुद आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम तयार गर्दा **समृद्ध गाउँपालिका, सुखी गाउँबासी** भन्ने नारालाई सार्थकता दिन नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको बजेट तथा कार्यक्रम दिग्दर्शन (२०७४), स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका (२०७४) र मन्त्रालयबाट विभिन्न समयमा गरिरएका परिपत्र र निर्देशनहरुलाई आधार मानिएको छ । यसका अतिरिक्त स्थानीय सामाजिक कार्यकर्ताहरु, शिक्षक तथा बुद्धिजीविहरुबाट प्राप्त अमूल्य सुझावहरुलाई समेत संलग्न गर्ने प्रयास गरिएको छ । टोल बस्तीहरुबाट माग भई वडा समितिहरुबाट पारित भई आएका योजना तथा कार्यक्रमहरुलाई आधार बनाइएको छ।

विश्वनाथ सिटौला
अध्यक्ष

गाउँपालिकाहरुको स्थापना भए पछि गाउँपालिकाबासीको माग र आवश्यकताहरु धेरै छन् र रहन्छन् । तर हामीलाई प्राप्त सीमिति स्रोतबाट एकैपटक सबैको सबै माग र आवश्यकतालाई सम्बोधन गर्न सकिदैन । धेरै क्षेत्रमा बजेट छरिएर जाँदा उपलब्धी त्यति नदेखिने, यसबाट लगानीको प्रतिफल समयमा प्राप्त गर्न नसकिने हुँदा विगतका अधुरा आयोजनाहरुलाई प्राथमिकता दिने साथै प्राप्त स्रोतहरुको अधिकतम परिचालन गर्दै त्यसबाट तत्काल सेवा प्राप्त गर्न सक्ने अवस्था सृजना गर्न मुख्य आवश्यकताहरु पहिचान गरी ठूला ठूला आयोजनाहरु र पुरा गर्न सकिने खालका आयोजनाहरुलाई प्राथमिकता दिने नीति लिइएको छ । बजेट नीति बनाउँदा महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग तथा पिछडिएका समुदायलाई बिशेष सम्बोधन गरिनेछ । गाउँवासीको जीवनस्तरलाई माथि उकास्न समग्र नीति तथा कार्यक्रमहरु परिलक्षित भएका छन् । यस पटकको कार्यक्रममा समावेश गर्न नसकिएका अति आवश्यक आयोजनाहरुलाई आगामी कार्यक्रममा समावेश गरिने साथै बिभिन्न निकायहरुसंग समन्वय गरी समाधान गर्ने व्यवस्था मिलाईने छ ।

**गाउँसभाका सदस्यहरू,**

मैलै अघि नै संकेत गरिसकें की हामी यो वर्ष असाधारण अवस्थामा छौं र यो चुनौति अबका केही महिना लम्बिने अवस्था समेत प्रष्ट अनुमान गर्न सकिन्छ। महामारीजन्य कोरोना भइरस विरुद्ध लड्न हामी जस्ता स्थानीय तहहरुको स्रोतसाधन पर्याप्त हुन सक्दैन तथापि स्थानीय सरकारको हैसियतले आफ्ना गाउँबासीहरुको आधारभूत स्वास्थ्य सुरक्षा प्रति हामीले उत्तरदायित्व वहन गर्नै पर्ने हुन्छ। गाउँपालिका भित्र कोरोना भाइरस नियन्त्रण तथा तथा संक्रमण फैलिन नदिन गाउँपालिकाले ठोस योजनाका साथ काम गर्नुपर्ने खाँचो देखिएको छ। यस महामारी विरुद्ध लड्नका लागि तयारी गर्नुपर्ने भएकाले आवश्यक बजेट तथा स्रोतसाधनको व्यवस्था गर्नुपर्ने अबस्था समेत आएको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अव म क्षेत्रगतरुपमा आगामी आ.व. २०७७।०७८ को लागि देहाय बमोजिमको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**१. पूर्वाधार विकास सम्बन्धी नीतिः**

**"हाम्रो विकास हाम्रो हात**

**सबै जुटौं एकै साथ"**

क) गाउँपालिकाको पूर्वाधार विकासका लागि गुरुयोजना निर्माण गरि पूर्वाधारहरुको निर्माण गरिनेछ।

ख) कोरना भाईरस (COVID-19) का कारण आ.व. २०७६।०७७ मा सम्झौता भई कार्यसम्पन्न नभएका योजनाहरूलाई आवश्यकता तथा प्राथमिकताका आधारमा क्रमागत बनाई निरन्तरता दिइनेछ।

ग) गाउँपालिकाका हरेक वडालाई जोड्ने आठराई त्रिवेणी मार्गको फुगुवा खोला निघुरादिन (वडा नं. १) देखी चाँगे (वडा नं. ५) मदन भण्डारी राजमार्ग बरङ्याङ, गुसे हुँदै तिरतिरे जोड्ने सडकलाई स्तरोन्नती

विश्वनाथ सिटौला
अध्यक्ष

गर्ने कार्यलाई निरन्तरता दिंदै आगामी वर्षहरुबाट पक्की बनाउने कार्यको सुरुवात गरिनेछ। साथै गाउँपालिकाको माथिल्लो क्षेत्रका लागि निघुरादिन, फुगुवा खोला,जुकेटार डाँडाखर्क, लोभेक, पाभेक, सानोफेदी, कात्तिके, गोर्जा सडकलाई माथिल्लो निकाय (संघ/प्रदेश) संग समन्वय गरि उच्च प्राथमिकतामा राखी कार्य गरिनेछ ।

घ) गाउँपालिकाको केन्द्र र सबै वडाका केन्द्रहरुलाई सडक सञ्जालले जोडिइ सकिएकोले उक्त सडकहरुमा बाह्रै महिना यातायात सुचारु हुने गरि स्तरोन्नत्ति गर्ने कार्यलाई जोड दिइनेछ ।

ङ) पूर्वाधार विकासमा अन्य सरकारी, गैर सरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग साझेदारी गर्ने नीति लिइनेछ ।

च) निर्मित पूर्वाधार मर्मत संभार गर्नु पर्ने अवस्थामा गाउँपालिकाले खडा गरेको मर्मत संभारकोषबाट प्राथमिकताका आधारमा मर्मत गर्ने नीति लिइनेछ ।

छ) सार्वजनिक परीक्षण अनिवार्य गरी सोको आधारमा मात्र भुक्तानी दिने नीति लिइने छ ।

ज) स्थानीय श्रोत र साधनको अधिकतम प्रयोगलाई प्राथमिकता दिइनेछ ।

झ) सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई भन्दा गन्तब्यसम्म नपुगेका सडकहरुलाई गन्तव्यसम्म पुर्याउने तथा पुराना सडकहरुलाई स्तरोन्नती/मर्मत गर्ने कार्यलाई जोड दिईनेछ ।

ञ) विद्यालय,संघ संस्था,समूह आदिका भवनहरु निर्माण गर्दा आधुनिक तथा बालमैत्री, अपाङ्गमैत्री बनाउने नीति लिईनेछ ।

ट) वातावरणमैत्री नीति अवलम्बन गरी भौतिक पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरणमैत्री बनाईनेछ।

ठ) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुसम्म पुग्ने सडक निर्माण तथा स्तरोन्नतीमा जोड दिईनेछ।

ड) महत्वपूर्ण सडक तथा संरचनाहरुको DPR तयार गरी निर्माण सम्पन्न गर्न गाउँपालिका,प्रदेश सरकार तथा संघीय सरकारबाट आवश्यक बजेट जुटाई क्रमशः योजनाहरु कार्यान्वयन गरिनेछ ।

ढ) स्थानीय गौरवको मार्ग- आठराई मार्ग,मुख्यन्त्री कृषि सडक लगायतका स्थानीय,प्रादेशिक,राष्ट्रिय रणनीतिक सडक मार्ग(तेर्सो तथा ठाडो) हरुमा यस गाउँपालिका साझेदारीमा सञ्चालन गरिनेछ ।

**२. पर्यटन सम्बन्धी नीतिः**

क) प्राकृतिक,भौगोलिक,सामाजिक,जातीय र साँस्कृतिक विविधताको कारण पर्यटन उद्योगको प्रचुर सम्भावना भएको यस गाउँपालिकामा पर्यटन व्यवसायमा प्रवर्द्धन गर्नका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

ख) एक वडा एक पर्यटकीय स्थल निर्माण कार्य अन्तरगत वडा नं. १ को विगोत पोखरी,वडा नं. २ को मूलचोक पाथिभरा,वडा नं. ३ को चुँवाखोला भकारी दह,वडा नं. ४ को तारेभिर गोर्जाटार तथा वडा नं. ५ को माछापोखरीमा पर्यटन पूर्वाधार निर्माणकार्यलाई निरन्तरता दिइनेछ ।

ग) गाउँपालिका भित्र रहेका अन्य धार्मिक ,सांस्कृतिक,प्राकृतिक पर्यटकीय सम्भावना भएका क्षेत्रहरुको

आठराई त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय हाङपाङ, ताप्लेजुङ १ नं. प्रदेश, नेपाल

विश्वनाथ सिटोला
अध्यक्ष

पहिचान बिकास, संरक्षण एवं प्रचार प्रसार गरी यस गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा बिकास गर्ने नीति लिइनेछ ।

**३. कृषि तथा पशुपञ्छी सम्बन्धी नीतिः**

**"जैविक मल र उन्नत वीउको उपहार**

**समृद्ध आठराई त्रिवेणीको आधार"**

क) आ. व. २०७७।७८ देखि एक वडा एक कृषि प्राबिधिकको व्यवस्था गरिनेछ। साथै कम्तिमा दुई वडाका लागि एक जना पशु प्राविधिक खटाउने व्यवस्था मिलाउन यसै आर्थिक बर्षदेखि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

ख) विशेष कृषि उत्पादन अन्तर्गत गाउँ र हावापानी सुहाउँदो बालीको पहिचान गरी उन्नत वीउ तथा फलफुलका विरूवा वितरण गर्ने तथा विभिन्न प्रोत्सहानमूलक कार्यक्रमको माध्यमबाट कृषि उत्पादन बृद्धिलाई प्रोतसाहन गर्दै युवाहरुलाई कृषितर्फ आकर्षित गर्ने नीति लिईनेछ ।

ग) कृषिलाई बेरोजगारीको अन्त्य गर्ने मुख्य आधारको रुपमा विकास गरी जैविक खेती प्रर्वद्धनमा जोड दिई पूर्णरुपमा व्यवसायीकरण गर्दै लगिनेछ ।

घ) कृषिबाट उत्पादित अन्न तथा नगदेबालीहरुको बजार पहिचान गरी जनताको जीवनस्तर माथि उकास्न गाउँपालिकाको भौगोलिक विविधता अनुसार उपयुक्त जाति प्रजातिका फलफुल खेतिलाई व्यवसायिक रूपमा खेती गर्न प्रोत्साहित गरिनेछ ।

ङ) बेमौसमी तरकारी उत्पादनका लागि टनेल, ग्रीनेट, वीउविजन वितरण र किटनासक औषधी वितरण गर्दै जैविक बिषादी निर्माण गरी कृषि पेशातर्फ प्रोत्साहन गर्ने नीति लिईनेछ ।

च) गाउँपालिका भित्र रहेका खेतीयोग्य जमिनहरुलाई बाँझो नराख्न प्रोत्साहित गरिनेछ ।

छ) रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारीक मल तथा गडयौले मल उत्पादन तथा प्रयोगमा जोड दिनका साथै भकारो सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ज) उन्नत जातका गाई वस्तु र बाख्रा उत्पादन गरी समान लगानी र परिश्रममा बढी आयआर्जन गर्नका लागि नश्ल सुधार गर्दै लगिनेछ ।

झ) यस गाउँपालिकालाई मासु र अण्डामा पूर्णरुपमा आत्मनिर्भर बनाउन पशु तथा पञ्छीपालन व्यवसायलाई प्रोत्साहित गरिनेछ

ञ) गाउँपालिका भित्र रहेका घरपालुवा पशुपन्छीको स्वास्थ्य अवस्था कायम गर्न तथा पशुपन्छीबाट मानव जीवनमा असर पार्न सक्ने बिभिन्न रोगहरुबाट वच्न पशु स्वस्थ्य शिविर तथा एन्टि रेविज भ्याक्सीन कार्यक्रम सञ्चालन गरिने छ ।

ट) स्थानीय कृषि/पशुजन्य उत्पादनको बिक्रि बितरण सहजीकरण तथा बजारीकरणका लागि परम्परागत रुपमा चल्दै आइरहेका हटियाहरुलाई व्यवस्थित बनाउने कार्यको शुरुवात गरिनेछ ।

विश्वनाथ सिटौला
अध्यक्ष

आठराई त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लालिखर्क, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

४. शिक्षा सम्बन्धी नीतिः

"गुणस्तरीय शिक्षा र रोजगार

सम्वृद्ध गाउँ निर्माणको आधार"

क) शैक्षिक क्षेत्रलाई राजनैतिक हस्तक्षेप मुक्त गराईनेछ । गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुलाई शान्ति क्षेत्र बनाईनेछ ।

ख) प्राविधिक शिक्षा मार्फत दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय स्थापनार्थ प्रकृया अघि बढाईने छ ।

ग) गाउँपालिका क्षेत्रभित्र हाल सञ्चालित विद्यालयहरुको भौतिक तथा उपलब्ध जनशक्तिको अवस्था हेरी स्नातक तहको कक्षा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

घ) गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न नियमित अनुगमन र सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाईने छ ।

ङ) सामुदायिक विद्यालयतर्फबाट SEE परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने एक छात्रा र एक छात्रलाई वार्षिक रुपमा पुरस्कार मार्फत सम्मान गरिनेछ । साथै गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षामा सर्वोकृष्ट विद्यार्थीलाई समेत पुरस्कृत गरिनेछ ।

च) विद्यालय कार्यसम्पादन निर्देशिकामा उल्लेखित सूचकहरुका आधारमा विद्यालय तथा शिक्षकहरुको कार्यसम्पादनको मुल्याङ्कन गरी विद्यालय तथा शिक्षकहरुको कार्य सम्पादनको आधारमा उपयुक्त पुरस्कार तथा दण्ड पुरस्कारको नीति लिईनेछ।

छ) सुचना प्रविधिमैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।

ज) शिक्षकहरुको क्षमता अभिवृद्धि तथा पुनतार्जकीका निमित्त विषयगत रुपमा शिक्षक तालिमको व्यवस्था गरि परम्परागत शिक्षण बिधिलाई निरुत्साहित गर्दै आधुनिक प्रबिधि मैत्री उपचारात्मक शिक्षण बिधि लाई प्रोत्साहित गरिनेछ ।

झ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा शिक्षक अभिभावक संघको अध्यक्षलाई आवश्यकता अनुसार व्यवस्थापन सम्बन्धी तालिम गराई विद्यालयको नियमित पठनपाठनको अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइने छ ।

ञ) हरेक विद्यालयमा शिक्षक, बिद्यार्थी र अभिभावक बिचको अन्तरकृयालाई नियमित गरिने छ ।

ट) सामूदायिक विद्यालयका बालबालिकालाई नियमित रुपमा विद्यालय आउने तथा बालबालिकालाई समयसम्म विद्यालयमा रहिरहने वातावरण मिलाउन बाल कक्षालाई प्रदेश तथा संघीय सरकारहरुसँग सहकार्यमा दिवा खाजाको व्यवस्था मिलाईनेछ ।

ठ) गाउँपालिकामा रहेका सम्पूर्ण विद्यालयका कक्षा १-९ को वार्षिक परीक्षामा एकरुपता कायम गर्न गाउँपालिका स्तरीय परीक्षा संञ्चालन गरिनेछ ।

विश्वनाथ सिटौला

अध्यक्ष

ड) शिक्षकहरुलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाई सिकाई उपलब्धीमा वृद्धि गर्न आफूले अध्यापन गर्ने विषयमा सिकाई उपलब्धि कम भएमा शिक्षकले विद्यार्थीबाट कुनै शुल्क नलिई सुधारात्मक कक्षा १०-४ भन्दा अन्य समयमा सञ्चालन गर्नु पर्ने व्यवस्था मिलाइने छ ।

५. स्वास्थ्य तथा सरसफाइ सम्बन्धी नीतिः

"आठराई त्रिवेणीको एउटै नारा
स्वस्थ्य रहुन् गाउँले सारा"

क) विश्वमा महामारीको रूपमा फैलिइरहेको कोरना भाईरस (COVID-19) लगायतका महामारीको नियन्त्रणकालागि गाउँपालिकाको क्षमता बढाउन गाउँपालिकाको विपत् व्यवस्थापन कोषलाई थप रकम विनियोजन गरि कोषलाई बलियो बनाइनेछ ।

ख) यस गाउँपालिकाको वडा नं. ५ दोभान बजार क्षेत्रमा मानिसहरुको भीडभाड बढि हुने र कोरोना भाईरसको संक्रमण प्रवेशको जोखिम समेत देखिएको छ । इलाका प्रहरी कार्यालय समेत रहेको हुँदा उक्त स्थानमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न हेल्प डेस्कको माग भई आएकाले गाउँपालिकाको हाङपाङ स्वास्थ्य चौकी अन्तरगत रहने गरि उक्त क्षेत्रमा स्वास्थ्य इकाइ वा डेस्कको स्थापना गरी अविलम्ब सञ्चालनमा ल्याइनेछ ।

ग) गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउन सरसफाई अभियान सञ्चालन गरिनेछ ।

घ) सवै वडाहरु पूर्ण खोपयुक्त वडा घोषणा भई सकेकाले उक्त कार्यक्रमको दीगोपनाका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

ङ) गाउँपालिकाभित्रका स्वास्थ्य चौकीहरुको भौतिक स्रोतसाधन तथा व्यवस्थापनमा सुधार गर्दै लगिनेछ।

च) गाउँपालिका भित्रका दीर्घरोगी, नसर्ने रोगबाट पीडित जनतालाई औषधी उपचारमा सहयोग गर्दै सामाजिक सुरक्षालाई प्राथमिकता दिइनेछ।

छ) गाउँपालिका भित्रका कडा रोग लागेका बिपन्न परिवारलाई विपन्न नागरिक सहायता स्वरुप रु १५,००० सम्म सहयोग प्रदान गरिनेछ ।

ज) घरभित्रको धुवाँ रहित गाउँपालिका निर्माण गर्न अभियानहरु सञ्चालन गरिनेछ ।

झ) सरुवा रोगहरुको संक्रमण नियन्त्रण गर्नका लागि कार्यक्रमहरु ल्याइनेछ। आधारभूत स्वास्थ्य सेवा तथा सरुवा रोग पहिचान तथा उपचारमा सहयोग पुर्याउन यसै आ व देखि ल्याव सेवाहरुको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

ञ) दाँत, छाला तथा आँखा सम्बन्धी रोगहरुको स्वास्थ्य जाँचका लागि गाउँपालिकामा स्वस्थ्य शिविर सञ्चालन गरिनेछ ।

ट) गाउँपालिका भित्रका गर्भवती महिलाहरुलाई नियमित स्वस्थ्य जाँच गर्न प्रोत्साहित गरिने छ ।

ठ) गाउँपालिका भित्रका सम्पूर्ण स्वयं सेविकाहरुलाई विशेष प्रोत्साहनको व्यवस्था गरिने छ ।

ड) गाउँपालिका भित्रका सम्पूर्ण सुत्केरी महिलाकाहरुका लागि **सुत्केरी आमा, पोषिलो खाना** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

विश्वनाथ सिटौला
अध्यक्ष

**६. सूचना तथा सञ्चार सम्बन्धिी नीतिः**

क) गाउँपालिका र पाँच वटै वडा कार्यालयहरुमा सूचना र प्रविधिको महत्वलाई आत्मसात गर्दै इन्टरनेट जडान गरि सकिएको छ । इन्टरनेट सेवालाई दिगो र भरपर्दो बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

ख) वडा मार्फत प्रवाह हुने सेवा कम्प्युटरकृत प्रणाली मार्फत दिनका लागि कर्मचारीहरुको क्षमता विकास गरी कामको सुरुवात गरिनेछ ।

**७. खानेपानी सम्बन्धी नीतिः**

**"एक घर एक धारा, स्वच्छ पानी पिउँछन् सारा"**

क) स्वच्छ तथा स्वस्थ खानेपानीमा सबैको पहुँच स्थापित गर्न खानेपानी सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ ।

ख) खानेपानीको मुहान संरक्षणलाई उच्च प्राथमिकता दिइनेछ ।

ग) एक घर एक धाराको नीतिलाई प्रोत्साहन गरिनेछ ।

घ) संचालित खानेपानी योजनाहरुको मर्मत र संरक्षणलाई निरन्तरता दिइनेछ ।

**८. प्राकृतिक श्रोत उपयोग सम्बन्धी नीतिः**

**८.१ वनसम्बन्धी नीतिः**

क) सामुदायिक वन समूह तथा निजी वन व्यवसायी मार्फत विरुवा उत्पादनमा अनुदानको व्यवस्था गर्दै लगिनेछ ।

ख) खाली क्षेत्रमा वृक्षारोपण कार्यलाई प्रोत्साहित गरिनेछ ।

ग) गाउँपालिकाभित्र नर्सरीको व्यवस्थापन गर्न वन कार्यालयसँग समन्वय गर्दै अगामी दिनमा कार्यक्रमहरु तय गरिनेछ ।

**८.२ जल तथा उर्जासम्बन्धी नीतिः**

क) जलाधार क्षेत्रहरुको संरक्षण गर्दै स्थानीय खोला र मुहानहरुको संरक्षणलाई प्राथमिकता दिइनेछ ।

ख) राष्ट्रिय प्रसारण मार्फत गाउँपालिकाको सबै वडामा विद्युत सेवाको पहुँच विस्तार गरी उज्यालो गाउँपालिका निर्माणमा जोड दिइनेछ ।

**९. विपद् व्यवस्थापन सम्बन्धी नीतिः**

क) गाउँपालिकामा हुन सक्ने सम्भावित प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपद् वाट हुने जनधनको क्षती न्यूनीकरण गर्न गाउँपालिका र प्रत्येक वडाहरुमा विपद् व्यवस्थापन समितिको गठन गरी परिचालन गरिनेछ ।

विश्वनाथ सिटौला
अध्यक्ष

ख) गाउँपालिका भित्र हुने विपदबाट पीडित स्थानीय गाउँबासीहरुलाई राहत तथा उद्धार गर्नका लागि गाउँपालिकामा एक विपद् व्यवस्थापन कोष खडा गरिएको छ ।

ग) विश्वव्यापि महामारीको रुपमा फैलिरहेको कोरोना भइरस संक्रमण पछिल्ला दिनहरुमा नेपालमा समेत तिब्र रुपमा फैलिरहेको हुँदा यसबाट आउने जोखिम बिरुद्ध तयारी अवस्थामा रहन, उद्धार राहात तथा विपद् व्यवस्थापनलाई प्रभावकारी वनाउन बिपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको सुनिश्चित गरिनेछ ।

**१०. उद्योग सम्बन्धी नीतिः**

क) गरिबी न्यूनीकरणका लागि लघु उद्यमहरुको स्थापना र विस्तारगरी रोजगारी सृजना गर्ने कार्यक्रमहरुको अवलम्बन गरिनेछ ।

ख) गाउँपालिका भित्र सञ्चालित उद्योग तथा व्यवसायको दर्ता गरी अद्यावधिक गरिनेछ ।

**११. सामाजिक परिचालन सम्बन्धी नीतिः**

क) सामाजिक परिचालनको माध्यमबाट स्थानीयवासीहरुको विकासमा पहुँच पुर्याउन क्षमता अभिवृद्धि गर्ने उद्देश्य अनुरुप सञ्चालन भएका सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिंदै लगिनेछ ।

**१२. राजश्व सम्बन्धीनीतिः**

**"हाम्रो गौरव हाम्रो कर, गाउँ विकासमा दीगो भर"**

क) गाउँपालिकालाई सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ साथै संकलित राजश्वलाई गाउँपालिकाको विकासमा उपयोग गरिनेछ ।

ख) सम्पत्ति कर, भूमीकर लगायतको कर शुल्क तोकिएको समय भित्र नै तिर्न प्रोत्साहन गरिनेछ । साथै सेवाग्राहीहरुले सेवा लिन आउँदा राजश्व तिरेको रसिद अनिवार्य पेश गर्नु पर्ने नीति लिइनेछ ।

**१३. भू-संरक्षण सम्बन्धी नीतिः**

क) जलाधार तथा मुहान संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) सडक पाखा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) एकीकृत जलाधार व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्दै लगिनेछ ।

**१४. खेलकुद सम्बन्धी नीतिः**

क) स्थानीय क्लब तथा विद्यालयहरु मार्फत खेलकुद कार्यक्रम सञ्चालन तथा प्रर्वद्धन गर्न प्रोत्साहन गरिनेछ।

ख) गाउँपालिकामा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको खेलमैदान निर्माण गर्न विशेष पहल गरिनेछ ।

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरुको उत्पादन गर्नका लागि विशेष नीति अवलम्वन गरी युवालाई तालिमको व्यवस्था गरिनेछ ।

विश्वनाथ सिटौला
अध्यक्ष

घ) विभिन्न खेलहरुको बिकास गर्न बिधागत प्रशिक्षणको लागी प्रशिक्षकहरुको व्यवस्था गरी प्रत्येक वडा स्तर तथा विद्यालयहरु मार्फत समन्वय गरी खेलाडी उत्पादनमा जोड दिइने छ ।

ङ) विभिन्न खेलहरु खेल्नका लागी अनिवार्य आवश्यक पर्ने ड्रेस व्यवस्थापनका लागि स्थानिय क्लब तथा विद्यालयहरु संग समन्वय गरी ड्रेस व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ ।

च) गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन मार्फत पालिका स्तरीय खेल खेलाइ खेलाडिहरु छनौट गरिनेछ ।

**१५. सुशासन सम्बन्धी नीतिः**

क) गाउँपालिकाको कृयाकलापलाई पारदर्शी, जवाफदेही र मितव्ययी बनाउन सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, अनुगमन तथा सुपरीवेक्षण जस्ता विधि तथा प्रकृया प्रभावकारी तुल्याइनेछ ।

ख) वित्तीय कारोबार, जिन्सी लेखा राजश्व प्रणाली सम्बन्धी कार्यलाई व्यवस्थित तुल्याउन कम्प्युटरकृत प्रणालीको सुरुवात गरिनेछ ।

ग) गाउँपालिकाको सेवा प्रवाहका क्रममा उत्कृष्ठ कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई प्रोत्साहन गर्न कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

**१६. लक्षित वर्ग सम्बन्धी नीति ( महिला, बालबालिका, अपाङ्ग, दलित, जेष्ठ नागरिक, आदिवासी जनजाति, युवा) :**

क) लक्षित बर्गको क्षमता विकासका लागि तालिम, गोष्ठी तथा सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिनेछ ।

ख) विभिन्न जात जातिका धर्म संस्कृती र परम्परा संरक्षणका लागि गाउँपालिका र वडा स्तरीय कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ग) महिला, आदिवासी जनजाति, दलित, जेष्ठ नागरिक , अपाङ्ग तथा अल्पसंख्यक जातजातिको विकासका बिशेष कार्यक्रमहरु गर्दै जाने नीति लिईनेछ ।

घ) हरेक विद्यालयहरुमा बालमैत्री धारा र बालमैत्री खेलमैदानको निर्माण गर्न अभियान सञ्चालन गरिनेछ।

ङ) जेष्ठनागरिक हरुको सम्मानका लागि विशेष कार्यक्रमहरु ल्याइनेछ ।

च) लक्षित वर्गका समूदायहरुको जीवनस्तर उकास्नका लागि सीपमूलक तालिमको व्यवस्था मिलाउने नीति लिइनेछ ।

छ) युवाहरुलाई सीप सिकाई रोजगारीको सृजना गर्न युवा लक्षित बिशेष कार्यक्रमहरु ल्याईनेछ ।

ज) महिलाहरुको क्षमता बिकास तथा व्यवसायिक तालिमका लागि आवश्यक कार्यक्रमहरु संञ्चालन गरिने छ ।

झ) दीर्घरोगी जेष्ठ नागरिक हरुलाई औषधी उपचारमा सहयोग गरिनेछ ।

ञ) विपन्न गर्भवती तथा सुत्केरी महिलाहरुलाई आपतकालिन उद्धार तथा उपाचार कार्यक्रम मार्फत मातृ-शिशु सूरक्षा कार्यक्रमको शुरुवात गरिनेछ ।

विश्वनाथ सिटौला
अध्यक्ष

**१७. गरिवी न्यूनीकरण  सम्बन्धी नीतिः**

क) गाउँपालिका भित्रका विपंन्न सुकुम्बासीलाई आवासका लागि जग्गा व्यवस्थापन गर्न निःशुल्क जग्गादाताको खोजि गरिनेछ ।

ख) **"जस्ताको छानो गाउँपालिकाको सान, फुसको छानो विस्थापित गर्ने हाम्रो अभियान"** भन्ने नाराका साथ गाउँपालिका भित्रका विपन्न तथा दलित परिवारहरुको फुसको छानो भएका घरहरूलाई टिनको छानाको व्यवस्था गरिँदै लगिनेछ ।

ग) बिपन्नलाई सम्पन्न वनाउन सहयोग गर्ने तथा अनाथ टुहुरा वालबालिकालाई पालन पोषण गर्ने ब्यक्ति, संघ सस्थालाई सम्मान गरिनेछ ।

**१७. धर्म ,सस्कृति तथा परम्परा सम्बन्धी नीतिः**

क) हिन्दु, बौद्ध, किराँत लगायत सम्पूर्ण धर्मावलम्वीहरुको मठ, मन्दिर, गुम्बा, माङ्हीमहरुको निर्माण तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) लोपोन्मुख कला संस्कृतिको खोज गरी जगेर्ना गरिने छ ।

**१८. न्याय सम्पादन सम्बन्धी नीतिः**

**"गरौं मिलाप, नगरौं विलाप "**

क) हरेक वडामा मेलमिलापकर्ता उत्पादन गर्दै मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

ख) न्यायिक समितिमा परेका विवादहरुलाई तत्काल निराकरण गर्न न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।

अन्त्यमा गाउँपालिकाको नीति र कार्यक्रमको परिणाम त्यसको सफल कार्यान्वयनबाट देखिने भएकोले नीति तथा कार्यक्रमको कार्यान्वयनमा सम्वन्धित सबैको सकृय भुमिका र सहयोगको अपेक्षा गरेको छु । यस नीति तथा कार्यक्रम तर्जुमामा सहयोग गर्नुहुने सभाका सम्पुर्ण सदस्यज्यूहरु, राजनितिक दलका पदाधिकारीज्यूहरु सामाजिक सघं संस्थाहरु, सम्पूर्ण सरोकारवालाहरु तथा अहोरात्र खटिने सम्पूर्ण कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

विश्वनाथ सिटौला
अध्यक्ष